पाँचथर जिल्ला अदालत, फिदिम

## निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना

(प्रकाशित मिति २०७८।१०।१९)

१) निर्माण व्यवसायी श्री शिवाको कन्स्ट्रक्सन प्रा.लि., बबरमहल, काठमाडौं (स्थायी लेखा नं. ३००१६५३०४) प्रबन्ध निर्देशक श्री सुशिलबाबु श्रेष्ठ

२) निर्माण व्यवसायी श्री बस्नेत निर्माण सेवा, सिनामंगल, काठमाडौं (स्थायी लेखा नं. ३००१८३२८५) प्रबन्ध निर्देशक श्री रिठु बस्नेत

३) निर्माण व्यवसायी श्री शिवाको/बस्नेत जे.भी., साप्रेढुङ्गा, बुढानिलकण्ठ, काठमाडौं (स्थायी लेखा नं. ६००३८६७२६)आधिकारिक प्रतिनिधि श्री अजय निरौला

तपाईं श्री शिवाको बस्नेत शिवाको/बस्नेत जे.भी., काठमाडौंले पाँचथर जिल्ला अदालतको नयाँ भवन निर्माण सम्बन्धी कार्य (ठेक्का नं. P.D.C. I PDM I NCB I WORKS-01 I 2073-74) को लागि मिति २०७६।०३।२० सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७४।०३।२१ मा यस अदालतसँग सम्झौता गर्नु भएकोमा तेस्रो पटक गरी मिति २०७७।०९।२० सम्म म्याद थप गरिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशनको मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Update Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरु यस अदालतमा उपस्थित हुन यो सूचना जारी गरिएको छ।उपरोक्त अवधिमा कार्य सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राखे तथा कार्य सम्पादन जमानत/अग्रिम भुक्तानी जमानत/धरौटी वापतको रकम जफत गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारबाही अघि बढाइने जानकारी समेत गराइन्छ ।

सेरेस्तेदार

पाँचथर जिल्ला अदालत, फिदिम

**श्रेस्तेदार**
**उप-सचिव**